**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

**१.** रेलमन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बङ्गालमा रेल सुविधाको आधुनिकीकरण र विस्तार गर्ने ठूलो अभियान अघि सार्नु भएको बताउनु भएको छ ।

**२.** देशमा डिजिटल भुक्तान लेनदेन बिगत आर्थिक वर्षमा १८ हजार करोड रुपियाँ नाघेको छ।

**३.** सरकारले बर्ष २०२४ को ३ अक्टोबर देखि शुरु भएको पीएम इन्टर्नसिप योजनाका लागि देशभरिबाट ६ लाखभन्दा अधिक आवेदनहरु प्राप्त भएको जनाएको छ।

**४.** दार्जीलिङ पहाड़को बिभिन्न शहर अनि ग्रामिण क्षेत्रहरुमा आज विधा की देवी माता सरस्वतीको पूजा पूर्ण श्रद्धा एवं भक्तिका साथ पालन गरियो।

**५.** कोलकतामा सम्पन्न भएको फूल म्यारथन दौडमा मिरिकेन रनर्स अनि सौरेनी रनर्स क्लबका धावकहरूले उत्कृष्ट प्रदर्शन गरेका छन्।

**रेलमन्त्री -पचिम बङ्गाल**

रेलमन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बङ्गालमा रेल सुविधाको आधुनिकीकरण र विस्तार गर्ने ठूलो अभियान अघि सार्नुभएको र यसका लागि १३ हजार ९ सय ५५ करोड रुपियाँ आवन्टन गरिएको घोषणा गर्नुभएको छ । आज नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिनुहुदै श्री वैष्णवले पश्चिम बङ्गालमा रेलवेको ६८ हजार करोड रुपियाँको ठूलो निवेश गरेको बताउनु भएको छ। उहाँले पश्चिम बङ्गालका मुख्यमन्त्री ममता ब्यानर्जीलाई भूमि अधिग्रहण र कानून व्यवस्थामा यी स्रोतहरू प्रयोग गर्न केन्द्रलाई सहयोग गर्ने अनुरोध गर्नुभएको छ । उहाँले पश्चिम बङ्गालका १०१ रेलवे स्टेसनहरुलाई 'अमृत' स्टेसनको रूपमा विकसित गरिने बताउनु भएको छ ।

****** ० ******

**सरकार- पीएम इन्टर्नसिप योजना**

सरकारले बर्ष २०२४ को ३ अक्टोबर देखि शुरु भएको पीएम इन्टर्नसिप योजनाका लागि देशभरिबाट ६ लाखभन्दा अधिक आवेदन प्राप्त भएको जनाएको छ । लोकसभामा एक लिखित जवाफमा कर्पोरेट मामिला राज्यमन्त्री हर्ष मल्होत्राले भन्नुभएको छ - यस योजनाले उत्साहजनक प्रतिक्रिया प्राप्त गरेको छ किनकि पाइलट योजना अन्तर्गत साझेदार कम्पनीहरूले अहिलेसम्म एक लाख २७ हजार भन्दा अधिक इन्टर्नशिप प्रदान गरेका छन्। श्री मलहोत्राले भन्नुभयो -पहिलो चरणमा, साझेदार कम्पनीहरू द्वारा अस्सी हजार भन्दा अधिक इन्टर्नशिप प्रस्तावहरू गरिएको थियो, जसमध्ये २८ हजार भन्दा अधिक उम्मेदवारहरूले प्रस्ताव स्वीकार गर्यो । यस योजनाको दोस्रो चरण यसै वर्षको ९ जनवरी देखि शुरु भएको र कम्पनीहरूले नयाँ र बाँकी इन्टर्नशिप अवसरहरू पोस्ट गर्ने प्रक्रियामा रहेको राज्यमन्त्रीले बताउनु भएको छ।

****** ० ******

**दार्जीलिङका विभिन्न स्थानहरूमा सरस्वती पूजा पालन**

दार्जीलिङ पहाड़को बिभिन्न शहर साथै स्थानीय ग्रामिण क्षेत्रहरुमा आज विभिन्न संघ-संस्था साथै समाजहरूको आयोजनामा विधा की देवी माता सरस्वतीको पूजा पूर्ण श्रद्धा एवं भक्तिका साथ पालन गरियो। यसै क्रममा दार्जीलिङ प्रेस गिल्ड, तुङसुङ, दार्जीलिङ सदर थाना परिसर, जज बजार साथै अन्य कैयौँ स्थानहरूमा आ-आफ्नै तरिकाले माता सरस्वतीको पूजा पालन गरियो। दार्जीलिङ प्रेस गिल्डमा प्रत्येक वर्षजस्तै यसपालि पनि सरस्वती पूजा आयोजना गरियो। यस अवसरमा दार्जीलिङ प्रेस गिल्डका पदाधिकारीवर्ग, सदस्यगण साथै अन्यको उपस्थिति रहेको थियो।यसरीनै अत्यधिक ठण्डाको पर्वाह नगरी मिरिक,खर्सांग, कालेबुंग अनि तराई डुवर्स क्षेत्रमा भक्तिभावको साथ सरस्वती पुजा पालन गरिएको जानकारी प्राप्त भएको छ । यस अवसरमा

बिभिन्न गाउँहरुमा आज बिहान नगर संकिर्तन साथै भजनकिर्तन अनि बिधार्थीहरु माझ ज्ञानवर्धक कार्यक्रमको आयोजन गरिएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**आकाशवाणी-पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले आफ्नो द्विभाषिक लाइभ फोन-इन साप्ताहिक कार्यक्रम "पब्लिक स्पीक" मा आज राती ९:३० बजे "क्यान्सर जागरूकताः रोकथाम, प्रारम्भिक जाच र उपचार" शीर्षकमा चर्चा प्रस्तुत गर्नेछ। चर्चा का लागि कैंसर रोग विशेषज्ञ डा. डोदुल मण्डल स्टुडियोमा उपस्थित हुनेछन् । कार्यक्रम अवधि, श्रोताहरूले क्यान्सरको कारण, रोकथाम, प्रारम्भिक जाच र उपचारको बारेमा हाम्रो आमन्त्रित विशेषज्ञसित प्रश्नहरू सोधन सक्नेछन । श्रोताहरूले विशेषज्ञहरूलाई टेलिफोन नम्बरहरू 011-23 42 10 50 र 011-23 31 44 44 मा प्रश्नहरू सोधन सक्नेछन् । ह्वाट्सएप नम्बर ९२-८९-०९-४०-४४ र ह्यासट्याग AIR 'आस्क ए.आई.आर' को साथ सामाजिक मिडिया साइट एक्समा पनि प्रश्न पोस्ट गर्न सक्नेछन् ।

****** ० ******

**रेलवे बजट**

केन्द्र सरकारले वर्ष २०२५-२५ को आम बजटमा पश्चिम बंगालका लागि १३,९६५ करोड़ रूपियाँ विभिन्न रेलवे परियोजनाहरूका लागि आवंटित गरेको छ। यो जानकारी रेलमंत्री अश्विनी बैष्णवले आज दिनुभयो। उहाँले अझ भन्नुभ्झयो राज्यकी मुख्यमंत्री ममता व्यानर्जी रेलमंत्री छन्दा जुन बजटमा राज्यलाई आवंटित हुन्थ्यो यो राशि त्यसको तीन गुणा बढ़ी छ।

****** ० ******

**कालेबुंग -माइनोरिटी सेल**

दार्जीलिङ पहाडको विभिन्न क्षेत्रका हिल टीएमसी माइनोरिटी सेलका पदाधिकारीहरूलाई आधिकारिक रूपमा नियुक्ति पत्र प्रदान गरिएको छ। कालेबुङस्थित हिल टीएमसी कार्यालयमा सम्पन्न विशेष समारोहका बीच उनीहरूलाई दार्जीलिङ जिल्ला हिल टीएमसी माइनोरिटी सेलका अध्यक्ष लावन लेप्चाले नियुक्ति पत्र हस्तान्तरण गरेका हुन्।उक्त कार्यक्रममा 35 नम्बर समष्टिका सभासद् तथा हिल टीएमसी दार्जीलिङ जिल्ला युवा अध्यक्ष सुमन गुरूङ विशेष रूपमा उपस्थित थिए।

****** ० ******

**कालेबुंग -बालविकास -चार धाम यात्रा**

सरस्वती पूजाको पावन अवसरमा कालेबुंग ३७ नम्बर समष्टि अन्तर्गत रहेका सम्पूर्ण बालविकास जाने नानीहरूलाई सभासद् दावा तेञ्जी शेर्पाले व्यक्तिगत रूपमा चार धाम धार्मिक यात्राको अवसर प्रदान गर्नुभएको छ । उक्त यात्रामा लगभग १२० जना नानीहरू सहभागी भएका छन्।धार्मिक यात्राको प्रारम्भ अलगढामा पूजा-आर्चना गरेर गरिएको थियो। पूजापछि नानीहरू चार धामतर्फ प्रस्थान गरेका थिए। चार धाम सिक्किमको नाम्चीस्थित एक प्रमुख धार्मिक स्थल हो, जहाँ हिन्दू धर्मका चार पवित्र धामको प्रतीक स्वरूप मन्दिरहरू निर्माण गरिएका छन्।यस धार्मिक यात्राको अवसर प्रदान गरेकोमा साई मण्डीका नानीहरू तथा अभिभावकहरूले सभासद् दावा तेञ्जी शेर्पा र सन्तुक ग्राम पञ्चायतका प्रधान सुमित छेत्रीप्रति विशेष आभार प्रकट गरेका छन्। धार्मिक स्थलहरूको अवलोकनमार्फत नानीहरूमा आस्था, संस्कार र धार्मिक चेतनाको विकास हुने विश्वास गरिएको छ।

****** ० ******

**कालेबुंग -उरमाल लोकार्पण**

आख्यानकार छुदेन काविमोको दोस्रो उपन्यास 'उरमाल' को लोकार्पण कार्यक्रम सम्पन्न भयो। छिमेकी राष्ट्र नेपालमा पहिल्यैबाट लोकार्पण भइसकेको उपन्यास 'उरमाल' को भारत संस्करण गान्तोक, वीरपाडा, सिलगढी, दार्जिलिङ, मिरिक पछि हिज कालेबुङमा लोकार्पण भएको हो। यहाँको एउटा निजी होटलमा सम्पन्न कार्यक्रममा कालेबुङका वरिष्ठ साहित्यकार डा. राजेन्द्र भण्डारी, कवि सुधीर छेत्री, कवि भीमा राई तोलाछा, पन्चायत समिति सभाध्यक्ष ममता गुरुङ अनि लेखक स्वयमको बाहुलीबाट उरमालको लाकार्पण गरियो। कथा सङ्ग्रह 1986 पछि फातसुङ उपन्यासले बेस्ट सेलरको खुड्किलो पार गरेपछि छुदेन काविमोको

उरमाल दोस्रो उपन्यास हो। उरमाल उपन्यास  डुवर्स क्षेत्रको आदिवासी अनि नेपाली मिस्रित समुदायको कथावस्तु आधारित आञ्चलिक उपन्यास रहेको वक्ताहरुले बताउनु भयो l

****** ० ******

## मिरिक -चलचित्र

मिरिकमाबाट निर्माण भएको कथानक चलचित्र एनीको पोस्टर आज रिलिज गरिएको छ l  "मेघसाँझ प्रोडक्सन"को प्रस्तुतिमा साथै  निर्देशक /पटकथा लेखक "साजन साम्पाङ्ग"को छायांकन अनि प्रबन्ध निर्देशक/निर्माता मनिन्द्र गोर्खा" द्वारा निर्मित सत्य घटनामा आधारित कथानक चलचित्र"एनि" चाँडै नै रिलिज हुने  भएको छ। उक्त चलचित्रमा मुख्य कलाकारहरु यूडेन लामा,इनुगंमा राई,अनुप तामांग, पासांग शेर्पा,विनायक थापा,अनिष तामांग अनि आरती थामी रहेका छन्।

****** ० ******

## कोलकाता -दौड

कोलकतामा सम्पन्न भएको फूल म्यारथन दौडमा  मिरिकेन रनर्स अनि सौरेनी रनर्स क्लबका धावकहरूले  उत्कृष्ट प्रदर्शन गरेका छन्। जसमा 10 किलोमिटर रनको उमेर वर्गमा श्रुति सुब्बा प्रथम भइन् भने पाँच किलोमिटर पुरूष वर्गको खुल्ला प्रतियोगितामा रहमत आलाम प्रथम, प्रिन्स तामाङ दोस्रो अनि अंकृत राई तेस्रो भए। यसरी नै पाँच किलोमिटर महिला वर्गको खुल्ला प्रतियोगितामा दिपशिखा राई प्रथम भइन्। यसबाहेक दस वर्षीय अनमोल तामाङले दस किलोमिटरको दौड  ५३ मिमटमा समाप्त  गरे l यी धावकहरू सौरेनी रनर्स क्लबका प्रमुख प्रशान्त रोपालको नेतृत्वमा कोलकता पुगेका थिए l

****** ० ******

## मिरिक- फुवागडी - फुटबल

मिरिक महकुमा अन्तर्गत फुवागढ़ी लामेटार गाव खेल मैदानमा  फुवागढ़ी राइजिंग युथ क्लबको तत्त्वावधानमा आयोजित नगदराशी फुटबल  प्रतियोगिताको  प्री क्वाटरको  अंतिम म्याच सम्पन्न भयो।प्रतियोगितामा प्रथम म्याच दुधे एफसी अनि   पोखे्रबुंग ब्रदर युनाइटेड माझ सम्पन्न भयो जसमा पोखे्रबुंग ब्रदर युनाइटेडने ५-० को अन्तरले दुधे एफसीलाई पराजित गर्यो यसरीनै  दोस्रो म्याचमा  गोर्खा एफसीले  इआईसी सिंगबुलीलाई  एक को विरुद्ध ४ गोल ले   पराजित गर्दै क्वाटर फाइनलमा प्रवेश गरेको छ। क्वार्टर फाइनल ४ फरवरी देखी शुरु हुनेछ l प्रतियोगिताको फाइनल खेल २३ फरवरीको दिन हुने क्लबका सचिव सिमन प्रधानले दिनु भएको छ।

****** ० ******

## तृणमूल कंग्रेस -‘सेवाश्रय’

तृणमूल कंग्रेसका राष्ट्रिय महासचिव एव  डायमण्ड हार्बरका  सांसद अभिषेक ब्यनर्जीको स्वास्थ्य सेवा पहल ‘सेवाश्रय’-ले एक महिना पूरा गरिसकेको छ भने अझ यसलाई डेढ़ महिनासम्म जारी राखिनेछ। पार्टीले यस आशयको जानकारी दिएको  छ। यो अभियान आमतलामा गत 2 जनवरीदेखि शुरू भएको थियो। यस पहल अन्तर्गत अहिलेसम्ममा 7 वटा विधानसभा क्षेत्र, 71 ग्रामीण ग्राम पंचायत एवं 93 शहरी वार्डहरूमा 23 लाख मानिसहरूसम्म स्वास्थ्य सेवा पुगिसकेको छ भने 01 हजार 200 डाक्टर, 500 डायग्नोस्टिशियन, 01 हजार 500 स्वयंसेवक औ 12 रेफरल अस्पताल सामेल रहेका छन् जसले आवश्यकतामा रहेका मानिसहरूलाई चिकित्सा सुविधा प्रदान गरिरहेका छन्।

****** ० ******